# रोकथाम तथा नियन्त्रणका उपायहरु

- अन्य विषाणुजन्य रोगहरू जस्तै अफ्रिकन स्वाइन फिभरको पनि उपचार विधि उपलब्ध छैन ।
- यो रोग विरूद्ध हालसम्म कुनै प्रभावकारी खोप उपलब्ध छैन ।
- त्यस कारण, यस रोगको रोकथाम तथा नियन्त्रणका लागि निम्नलिखित उपायहरू अवलम्बन गर्न सिफारिस गरिएका छन्:

## जैविक सुरक्षा

**क) बङ्गुरको खोरमा अनावश्यक व्यक्तिको आवत जावत निषेध गरौं र आफ्नो खोरमा खटिने कामदारहरूलाई समेत अन्यत्रको खोरमा जान नदिऔं ।**

**ख)खोरमा कुकुर, बिरालो, बँदेल वा अन्य जनावरको प्रवेश नहुने उपाय गरौं ।**




**ग) कसै गरी अन्यत्रबाट खरीद गरेर ल्याइएका वीर, भूनी, पाठापाठीलाई खोरमा रहेका अन्य बङ्गुरबाट २१ दिन सम्म अलग कोठामा राखेर नवआगन्तुक बङ्गुरमा रोगको कुनै लक्षण नदेखेपछि मात्र आफ्नो बथानमा राखौं ।**

**घ) सुङ्गुर बङ्गुरलाई छाडा नपालौं ।**

**ङ) रोगको कारणले मरेको तथा तुहिएको पाठापाठी, साल तथा लसफसमा परेका अन्य वस्तुलाई गहिरो खाडल खनेर निःसङ्क्रमण गर्ने रसायनको प्रयोग गरी तुरून्त सम्भव भएसम्म यथास्थान नष्ट गरौं ।**



**च) होटल, रेस्टुरेन्टबाट ल्याइएका अवशिष्ट खानेकुरा राम्ररी पकाएर मात्र बङ्गुर, सुङ्गुरलाई खान दिऔं । संम्भव भएसम्म यस्तो खानेकुरा नखुवाऔं ।**



**छ) बङ्गुर, सुङ्गुर र बँदेलको मासु, सुकुटीमा लामो समयसम्म यो रोगको विषाणु बाँच्ने भएकोले रोगले गर्दा मरेको वा मर्न लागेको बङ्गुर सुङ्गुरबाट तयार गरेको मासु वा सुकुटी उपभोग वा बिक्री वितरण गर्नु हुँदैन ।**

## सरसफाई तथा निःसङ्क्रमण

उपयुक्त रसायनको प्रयोग गरी एक हप्तामा दुई दिन खोरलाई तथा फर्ममा प्रवेश हुने गाडिलाई निःसङ्क्रमित राखौं । विश्व पशु स्वास्थ्य संगठनले अफ्रिकन स्वाइन फिभर सङ्क्रमित खोरलाई निःसङ्क्रमण गर्न निम्न रसायनहरू सिफारिस गरेका छन्:

- **सोडियम हाइड्रोक्साईडको** ०.८% घोल ३० मिनटसम्म प्रयोग गरी छोड्ने ।
- **अर्थो-फिनाईलफिनोलको** ३% घोल ३० मिनटसम्म ।
- **फर्मालिनको** ०.३% घोल ३० मिनटसम्म (तर यसले गर्दा स्वास प्रस्वास तथा आँखा पोल्ने भएकोले प्रयोग नगर्नु बेश हुन्छ) ।


बङ्गुर फार्मको मूलद्वार तथा सकेसम्म बङ्गुर राख्ने कक्षको द्वारमा समेत निःसङ्क्रमण रसायनको घोल राख्ने गरी फूटबाथको व्यवस्था गर्नु पर्छ ।



**छैन खोप, छैन उपचार**
**जैविक सुरक्षा, एक मात्र हतियार।**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
**सार्क-आर. एस. यु**
त्रिपुरेश्वर, काठमाडौँ


# अफ्रिकन स्वाइन फिभर रोग बारे जानकारी



**सम्पर्क नं: +९७७-०१४२६४६२२**
**ईमेल: saarcrsu@gmail.com**
**वेब-साइट: www.saarcrsu.gov.np**

# परिचय

अफ्रिकन स्वाइन फिभर बङ्गुर, सुङ्गुर र बँदेलहरूमा लाग्ने विषाणुजन्य सङ्क्रामक रोग हो। विश्व पशु स्वास्थ्य संगठनले यो रोगलाई सूचीकृत गरेको छ जसको अर्थ हुन्छ – यो सीमाविहीन रोग हो तथा यसले गर्दा बङ्गुर पालन क्षेत्रमा धेरै ठूलो आर्थिक क्षति हुन्छ र अपेक्षाकृत छोटो अवधिमा एक भन्दा बढी मुलुकमा माहामारीको रूपमा फैलिन सक्छ । हाल यो रोग पूर्वी र दक्षिण एसियाली मुलुकहरू जस्तै चीन, हङ्गकङ्ग, भियतनाम, मलेसिया, थाइल्याण्ड, फिलिपिन्स, दक्षिण कोरिया, भारत, भुटान, नेपाल लगायतका मुलुकहरूमा घरपालुवा बङ्गुरहरूमा देखा परेका छन् । हङ्गकङ्ग, दक्षिण कोरिया र मलेसियन पेन्निन्सुलामा जङ्गली सुङ्गुरमा बारम्बार यो रोगको माहामारी देखा परी रहेका छन् । दक्षिण एसियाली मुलुकहरू मध्ये भारतले पहिलो पटक जनवरी २०२० मा यो रोगको आधिकारिक पुष्टि गरेको थियो भने नेपालमा भने सन् २०२२ मा यो रोगको आधिकारिक पुष्टि भएको थियो ।




**यो रोग मानिसमा सर्दैन।**

# रोग सर्ने तरीका

यो रोग विभिन्न तरीका तथा माध्यमहरूबाट फैलिनै गरेका छन्:

- सङ्क्रमित बङ्गुर, सुङ्गुर र बँदेल बिच प्रत्यक्ष सम्पर्क भएमा ।
- रोगी बङ्गुर, सुङ्गुर र बँदेलको ~याल, रगत, मलमुत्र, मासु वा यिनीहरूको लसपससमा आएका दानापानी लगायत अन्य सामाग्रीबाट ।
- रोगी बङ्गुर, सुङ्गुर र बँदेलको ओसार पसार र किनबेच गरेमा ।
- बङ्गुर, सुङ्गुर र बँदेललाई होटलको सङ्क्रमित अवशिष्ट भोजन, सङ्क्रमित कुँडा कर्कट तथा झोल भोजन (Swill) खुवाएमा ।
- बङ्गुर फार्ममा जाने आगन्तुकहरूको जुत्ता, चप्पल, कपडा आदि मार्फत ।

# मुख्य लक्षण




कडा ज्वरो आउने (१०४°F भन्दा माथि)



प्रभावित बङ्गुर एकै ठाउँमा गुज्जुमुज्जु भएर बस्ने



प्रभावित बङ्गुरको छाला भरी नीलडाम देखिने



बङ्गुर फार्ममा एक्कासी धेरै सङ्ख्यामा बङ्गुर मर्ने




स्वास फेर्न गाह्रो हुने, नाकबाट रगत बग्ने



गर्भिणी बङ्गुर तुहिने





वान्ता हुने, दिशामा रगत देखिने ।।

# रोगको निदान

यस रोगको प्रारम्भिक निदान लक्षणका आधारमा गर्न सकिन्छ। प्रयोगशालामा पुष्टिका लागि सङ्क्रमित पशुबाट रगतको नमुना लिन सकिन्छ भने मरेको बङ्गुरको पोष्ट-मार्टम गरि 'लिम्फ नोड', फियो, मृगौला, कलेजो को नमुना लिन सकिन्छ।
यस रोगसँग मिल्दो जुल्दो अन्य रोगहरु पनि हुने भएकोले माथि उल्लेखित गरेको लक्षण देखिएमा स्थानिय तहका पशु सेवा शाखा अथवा नजिकको पशु स्वास्थ्य सँग सम्बन्धित निकायलाई जानकारी गराउनुपर्छ ।

**गरे समयमै जानकारी, हुदैँन ठूलो महामारी ।**